# शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "शिक्षा (नवौं संशोधन) ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा ऐन, २०२८ को दफा ११च. मा संशोधन :** शिक्षा ऐन, २०२८ को दफा ११च. को,-

(१) उपदफा (१) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांशको उपखण्ड (३) मा रहेका "उनन्चास प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पचहत्तर प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "एकाउन्न प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (३) बमोजिम पदपूर्तीको लागि आयोगबाट भएको विज्ञापन बमोजिम परेको अस्थायी शिक्षकको दरखास्त कायमै राखी यो दफा प्रारम्भ भएपछि उम्मेदवार हुन चाहनेहरुको लागि कम्तीमा सात दिनको अवधि दिई पुन: दरखास्त आह्वान गर्नु पर्नेछ ।"

(४) उपदफा (८) झिकिएको छ ।

(५) उपदफा (९) मा रहेका "उपदफा (८) बमोजिम निवेदन दिने अस्थायी शिक्षकको उपदफा (१) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम हुने" भन्ने शब्दहरुको सट्टा "सम्वत् २०७३ साल असार पन्ध्र गतेसम्म अविच्छिन्न रूपमा कार्यरत रहेका अस्थायी शिक्षकले स्थायी पदको लागि भएको विज्ञापनमा दरखास्त नदिएमा वा दरखास्त दिए पनि स्थायी पदमा आयोगबाट नियुक्तिको लागि सिफारिस हुन नसकेमा त्यस्ता शिक्षकलाई उपदफा (१) को खण्ड

व्यवस्थापिका-संसद सचिवालय

(ख) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम भएको” भन्ने शब्दहरु राखिएका छन् ।

(६) उपदफा (१०) मा रहेको “प्रतिवन्धात्मक वाक्यांशको उपखण्ड (१) र (२)” भन्ने शब्दहरुको सट्टा “प्रतिवन्धात्मक वाक्यांश” भन्ने शब्दहरु राखिएका छन् ।

व्यवस्थापिका-संसदको सम्वत् २०७४ साल असोज ३ गते बसेको बैठकले नेपालको संविधानको धारा १११ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा संविधानको धारा ११३ बमोजिम प्रमाणित गर्दछु ।

.....................

**ओनसरी घर्ती**

**सभामुख**

**व्यवस्थापिका-संसद**

**व्यवस्थापिका-संसदका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।**

**(विद्यादेवी भण्डारी)**

**मितिः २०७४/०७/०६** **राष्ट्रपति**

व्यवस्थापिका संसद सचिवालय